रहेकोछ ।

लालबन्दीनगरपालिका
नगरकार्यपालिकाको कार्यालय
लालबन्दी, सर्लाही
प्रदेश नं. २, नेपाल

# औषधी तथा सर्जिकल सामानहरू खरिद गर्ने सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशितमिति : २०७८/०६/२२**

यस नगर क्षेत्रमा चालुआ.ब. २०७८/०७९ देखि लागु भएको स्वास्थ्य बीमा कार्यक्रमतर्फ "सुविधा थैली अन्तर्गतका सेवा सुविधाहरूको विवरण तथा दररेट, २०७४",मा उल्लेखित सूची अनुसारको औषधी तथा सर्जिकल सामानहरू खरिद गर्नुपर्ने भएकोले ईच्छुक ईजाजत प्राप्तफर्म वा कम्पनीबाट तपसिलमा उल्लेखित शर्तहरूको अधिनमा रही गोप्यसिलबन्दी दरभाउपत्र आब्हानगरिन्छ ।

**शर्तहरू:**

१) यो सूचना प्रकाशित भएको मितिले १५औं दिनसम्म रू.१०००।-(पछी फिर्ता नहुने गरी) यस कार्यालयको राजस्व शाखामा बुझाई दरभाउपत्र फारम खरिद गर्न सकिनेछ । गोप्य सिलबन्दी दरभाउपत्र १६औं दिन दिनको १२:०० बजे सम्म यस कार्यालयमा दर्ता गराउनु पर्नेछ । तर दरभाउपत्र खरिद गर्ने अन्तिमदिन वा दरभाउपत्र दर्ता गर्ने अन्तिम दिन सार्वजनिक बिदा परेमा त्यसको भोलिपल्ट सोही समयमा खरिद तथा दर्ता गर्न सकिनेछ ।

२) दरभाउपत्र फारम खरिद गर्न निवेदनकासाथ औषधी बिक्रीगर्ने इजाजत पत्र, आ.ब. २०७६/०७७ सम्मको कर चुक्ताभएको प्रमाण वा कर विवरण पेश गरेको कागजातको प्रतिलिपि, मु.अ.कर दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपीहरू, नविकरण गरिएको कम्पनी दर्ता प्रमाणपत्र वाफर्म दर्ता प्रमाण पत्रहरूको प्रमाणित प्रतिलिपीहरू संलग्न राख्नुपर्नेछ ।

३) दर्ता हुनआएका सिलबन्दी दरभाउ पत्रहरू १६ औं दिन दिनको ०२:०० बजे कार्यालयका प्रतिनिधिहरू र दरभाउपत्र दाताहरूको वा निजका प्रतिनिधिहरूको रोहबरमा यस कार्यालयमा खोलिने छ । दरभाउपत्र दाता वा निजका प्रतिनिधिहरू उपस्थित नभएमा पनि दरभाउपत्र खोल्न बाधा पर्नेछैन ।

४) सिलबन्दी दरभाउपत्र साथ धरौटी वापत रू.५०,०००।-(पचास हजार मात्र ) रकम यस नगरपालिकाको नाममा राष्ट्रिय बाणिज्य बैंक, लालबन्दी शाखामा रहेको **धरौटी खाता नं. १२८०१००३०३००००२** माजम्मा गरेको सक्कल भौचर वा दरभाउपत्र दाताले दाखिला गर्ने मितिले मान्य अवधि ७५ दिनको यस नगरपालिकाको नाममा जारी गरिएको जमानत पत्र सक्कलै पत्र संलग्न राख्नु पर्नेछ ।

५) दरभाउपत्रमा स्वास्थ्य बीमा कार्यक्रमको सुविधा थैली अन्तर्गतका सेवा सुविधाहरूको विवरण तथा दररेट २०७४, औषधी तथा सर्जिकल सामानहरूको उल्लेखित दररेट भन्दा घटाघट मूल्यको प्रतिशतमा पेश गर्नुपर्ने छ । साथै सर्त रहेको, म्याद नाघी वा रित नपुगी पर्न आएका दरभाउँपत्रहरू उपर कुनै कारवाहीहुने छैन । सर्जिकल सामानको हकमा दरभाउपत्र पेशगर्दा मूल्यअभिबृद्धि कर समेतको दररेट पेश गर्नुपर्नेछ ।

६) औषधी खरिद गर्दा DDA/WHO-GMP Certified Company बाट उत्पादित औषधीहरू मात्रखरिद गरिने छ । दरभाउपत्रपेश गरेका दरभाउपत्र दाताले सोही मूल्यमा यस आ.व.(०७८/०७९ असार मशान्त सम्म )सोहि दर रेटमा आपूर्ति गर्नुपर्ने छ । साथै आगामी आषाढ मसान्त सम्मकुनै प्रकारको मूल्य बृद्धि दिइने छैन ।

८) दरभाउदाताले पुरा ठेगाना, फोन नं., तथामोवाईल नं.तथा ईमेल ठेगानाआदिखुलाउनु पर्नेछ । दरभाउपत्र स्विकृत भएको जानकारी पाएर पनितोकिएको समयावधीमा सम्झौतागर्न नआएमा दरभाउपत्र रद्द गरी निजले राखेको धरौटी जफत गरी नजिकको दोश्रो दरभाउपत्र स्विकृत गरी सम्झौतागरिनेछ ।

९) दरभाउपत्र दाताले खरिद आदेश पाएको २१ औंदिन भित्र यस नगरपालिकाको प्राथमिक स्वास्थ्य केन्द्रमा खरिद आदेश अनुसार औषधी तथा सर्जिकल सामानहरू दाखिला गर्नु पर्नेछ। दाखिला गर्न नसकेमा नगरपालिकाबाट ती औषधी पाएसम्म दरभाउपत्रकै दररेटमा, नपाएमा उचितबजार मुल्यमा खरिद गरी ल्याईने छ। सम्बन्धित दरभाउपत्र दाताले पाउने रकमबाट उक्त रकमकट्टा गरी भुक्तानी गरिनेछ ।

१०) कार्यालयमा औषधी दाखिला हुन आउँदा सम्म १८ महिनाको Expiry Date हुनुपर्नेछ । तर कुनै औषधीको जम्मा Expiry Date १८ महिना भन्दा कमहुने अवस्थामा जम्मा Expiry Date को ७५ प्रतिशत म्याद बाँकी हुँदा दाखिलागर्न सकिनेछ ।

११) प्राथमिक स्वास्थ्य केन्द्र, लालबन्दी सम्म औषधी तथा सर्जिकल सामाग्रीहरूको आपूर्ति गर्न लाग्ने ढुवानी तथा अन्य करहरू दरभाउपत्र दाताले स्वयं व्यहोर्नु पर्नेछ ।

१२) दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा निहितहुनेछ ।

१३) यस सूचनामा उल्लेख नभएका अन्य कुराहरूको हकमा सार्वजनिक खरिद ऐन २०६३ र सार्वजनिक खरिद नियमावली २०६४ तथा प्रचलित नेपाल कानून बमोजिम हुनेछ । साथै दरभाउपत्र सम्बन्धी थप जानकारी यस कार्यालयमा कार्यालय समय भित्र सम्पर्क राखी वा फोन नं. ०४६-५०१३३३ मा सम्पर्क गरी बुझ्न सकिनेछ । स्वास्थ्य बीमा कार्यक्रमको सुविधा थैली अन्तर्गतका सेवा सुविधाहरूको विवरण तथा दररेट २०७४, को थप जानकारी स्वास्थ्य बीमा बोर्ड www.hib.gov.np मा हेर्न सकिनेछ ।

प्रमुख प्रशासकीय अधिकृत

प्रकाशक /बिशेष सम्पादक : कृष्ण थपलिया सम्पादक :नबिन उप्रेती । लालबन्दी ७ सर्लाही मो. ९८४४०६२२८३ E-mail -krishnasamarpan